आज मिति २०७९।०६।३० गते बिहान १० बजे शिवराज नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा प्रमुख प्रशासकिय अधिकृत श्री राकेश पाण्डे ज्युको अध्यक्षता र देहायको उपस्थितिमा शाखा प्रमुखहरुको बैठक बसी सर्वसम्मत निर्णय गरियो ।

उपस्थिति :

श्री राकेश पाण्डे, प्र.प्र.अ.

श्री पुर्णबहादुर विश्वकर्मा, अधिकृत आठौं

श्री ताराचन्द्र चौधरी, अधिकृतस्तर आठौं

श्री धनेश्वर खनाल, अधिकृतस्तर आठौं

श्री चुडामणि भट्टराई, अधिकृत सातौं

श्री रामचन्द्र मरासिनी, लेखा अधिकृत

श्री लक्ष्मी कँडेल, अधिकृत छैठौं

श्री डिल्लीराज भट्टराई, अधिकृत छैठौं

श्री रामजी थापा नेपाली, ईन्जिनियर ( छैठौं )

श्री प्रकाश वि.क., कम्प्युटर अपरेटर

निर्णय :-

१. शिवराज नगरपालिकाका विभिन्न वडाहरुबाट राजश्व दाखिलाको काम समयमै हुन नसकेको हुँदा जिम्मेवार व्यक्तिहरुलाई समयमै राजश्व दाखिला हुने व्यवस्था हुन निर्देशन दिने निर्णय गरियो ।

२. सार्वजनिक खरीद मूल्यांकन समितिको बैठक सबै सदस्यहरुको उपस्थितिमा समयमै बस्ने/ सञ्चालन हुने व्यवस्था गर्न समितिका संयोजक र सदस्य सचिवलाई जिम्मेवारी दिने निर्णय गरियो ।

३. शिवराज नगरपालिका अन्तर्गत FRA को फोकल पर्सनको रुपमा लेखा अधिकृत श्री रामचन्द्र मरासिनी र LISA को फोकल पर्सनको रुपमा पुर्णबहादुर विश्वकर्मालाई तोक्ने निर्णय गरियो ।

४. यस कार्यालयमा कार्यरत कर्मचारीहरु फिल्डमा जानु पर्ने अवस्थामा लग बुक भरेर मात्र जानुपर्ने व्यवस्था गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

५. यस कार्यालयमा हुने सामान्य प्रशासनिक कामकाजको नियमन, निर्देशन र नियन्त्रणको जिम्मेवारी शिक्षा शाखा प्रमुख श्री पुर्णबहादुर विश्वकर्मालाई प्रदान गर्ने निर्णय गरियो ।

६. यस कार्यालयमा कार्यरत सम्पूर्ण कर्मचारीहरु समयमै कार्यालयमा उपस्थित हुन, ड्रेस कोड पालन गर्न निर्देशन गर्ने र यथासक्य छिटो ई-हाजिरको व्यवस्था गर्ने निर्णय गरियो ।

७. कम्प्युटर सम्बन्धि तथा अन्य आवश्यक जिन्सी सामाग्रीहरु खरिदका लागि विवरण पेश गर्नका लागि सम्पूर्ण वडाहरुलाई पत्राचार गर्ने निर्णय गरियो ।

८. आगामी नगर सभाबाट अनुमोदन हुने गरी कार्यपालिकाबाट सार्वजनिक लेखा समिति गठन हुनका लागि प्रकिया अगाडी बढाउने निर्णय गरियो ।

९. स्थानीय तह योजना तर्जुमा दिग्दर्शन २०७८, अनुसार विभिन्न विषयगत समितिहरु गठनको प्रकिया अगाडी बढाउने निर्णय गरियो ।

Scanned with CamScanner